आज मिति २०८० पुस ०३ गतेका दिन यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत वहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री तिल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण घले

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :– श्री मधु माया वगाले

कार्यपालिका सदस्य :– श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :– श्री गौतम पंज्ञानी

अन्य उपस्थिति :

प्रशासकीय अधिकृत :- श्री अर्जुन चपाई

लेखा शाखा प्रमुख :- श्री कृष्णराज सेढाई

मर्स्याङ्दी गाउँपालिका
कार्यपालिकाको कार्यालय
भुलभुले,लमजुङ
गण्डकी प्रदेश,नेपाल

मिति २०८० पुस ३ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका विषयहरु:

निर्णय नं १: अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

मिति २०८०/०८/२५ गतेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरू कार्यान्वयनको अवस्था बारे यस बैठकमा समिक्षा गरियो ।

निर्णय .नं.२: मर्स्याङ्दी गाउँपालिकाको नगर प्रहरीको गठन,सञ्चालन र व्यवस्थापन गर्ने विधेयक,२०८० सम्बन्धमा :

मर्स्याङ्दी गाउँपालिकाको नगर प्रहरीको गठन,सञ्चालन र व्यवस्थापनं गर्ने विधेयक,२०८० कार्यपालिका सदस्यहरु वीच व्यापक छलफल भई सर्वसहमतिले गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.३: मर्स्याङ्दी गाउँपालिकाको सहकारी ऐन २०७५ संशोधन सम्वन्धमा :

मिति २०८०/०९/ ०८ गते हुन गईरहेको गाउँसभामा मर्स्याङ्दी गाउँपालिकाको सहकारी ऐन २०७५, को तपशिल वमोजिमका परिच्छेद, दफा संशोधन गर्नको लागि कार्यपालिका सदस्यहरु वीच व्यापक छलफल भई छलफल तथा आवश्यक निर्णयको लागिको गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | दफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| १ | परिच्छेद - १७,दफा ७२ (४) | थप गर्ने | परिच्छेद -१७,दफा ७२ (४)<br>उपदफा (१) अनुसार छानविन गर्नको लागि तपशिल वमोजिमको अनुगमन समिति गठन हुने छ .<br>तपशिल<br>सयोजक :लेखा समिति ,सयोजक,म.गा.पा.<br>सदस्य : प्रशासकीय अधिकृत,प्रशासन शाखा प्रमुख, म.गा.पा.<br>सदस्य :सहकारी समन्वय समिति,सयोजक,म.गा.पा.<br>सदस्य : समितिले चयन गरेको सहकारीको लेखा हेर्न सक्ने विज्ञ<br>सदस्य :सहकारी शाखा प्रमुख ,म.गा.पा. | समिति गठन सम्वन्धी व्यवस्था नभएकोले |

निर्णय नं ४: रोप्लेखोला मोटरेवल पुलको लागी बजेट विनियोजिन सम्बन्धमा ।

यस मर्स्याङ्दी गाउँपालिका हुदै खुदी-रोप्लेफाँट-नायु-धलेगाउँ सम्म जोड्ने सडकको विच मर्स्याङ्दी गा.पा. वडा नं २ मा अवस्थित रोप्लेखोला वर्खाको समयमा ज्यादै ठूलो हुने र स्थानीय वासिन्दाहरुलाई आवतजावतका लागी कठिनाई हुदै आएको साथै पटक पटक बजेट माग गर्दा पानि पर्याप्त बजेट नपरेको साथै निर्माण कार्य अगाडी बढाउंनको लागी स्रोत सुनिश्चित हुनुपर्ने भएकोले आवश्यक बजेटको व्यवस्था गरिदिनका लागी भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश, पोखरालाई अनुरोध गर्ने निर्णय गरियो।

गौतम पंजाली
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

मर्स्याङ्दी गाउँपालिका
गाउँपालिकाको कार्यालय
सुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७२

**निर्णय नं.५: मर्स्याङदी गाउँपालिकाको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को सशोधन सम्बन्धमा :**

मर्स्याङ्दी गाउँपालिका पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को दफा ४ को उपदफा (१),(२अनुसार अनुसूची १, अनुसूची २ निम्न अनुसार सशोधन गर्ने निर्णय गरियो ।

| क्र. स. | दफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| १ | दफा ४ को उपदफा (१), (२) अनुसार अनुसूची १, अनुसूची २ | मर्स्याङ्दी गाउँपालिका पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को दफा ४ को उपदफा (१), (२) अनुसार अनुसूची १, अनुसूची २ बमोजिम संलग्न गर्नुपर्ने कागजातहरु:<br>१) प्रस्तावकको निवेदन।<br>२) दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि (समुह/निजि फर्म/सहकारी)।<br>३) स्थायी लेखा नं. प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि(निजि फर्म/समुह/सहकारी)।<br>४) कार्यक्रम सन्चालनको लागि कार्ययोजना सहितको प्रस्तावना (कार्यक्रमको प्रकृति अनुसारको)।<br>५) प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।<br>६) समबन्धित वडाको सिफारिस पत्र।<br>७) जग्गा धनि दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सन्चालन गर्नेको हकमा ५ वर्षको समझौता पत्र।<br>८) जग्गाको कर तिरेको रसिदको प्रतिलिपि। | मर्स्याङ्दी गाउँपालिका पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को दफा ४ को उपदफा (१), (२) अनुसार अनुसूची १, अनुसूची २ बमोजिम संलग्न गर्नुपर्ने कागजातहरु:<br>१) प्रस्तावकको निवेदन।<br>२) दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि (समुह/निजि फर्म/सहकारी)।<br>३) कार्यक्रम सन्चालनको लागि कार्ययोजना सहितको प्रस्तावना (कार्यक्रमको प्रकृति अनुसारको)।<br>४) प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।<br>५) समबन्धित वडाको सिफारिस पत्र।<br>६) जग्गा धनि दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सन्चालन गर्नेको हकमा ५ वर्षको समझौता पत्र।<br>७) जग्गाको कर तिरेको रसिदको प्रतिलिपि। | उत्पादन सगु जोडिएका स-साना किसानहरुको हित अभिवृद्धि गर्ने । |

प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

मर्स्याङ्दी गाउँपालिका
गाउँपालिकाको कार्यालय
भुलभुले,लमजुङ
गण्डकी प्रदेश,नेपाल

**निर्णय नं.६: मर्स्याङ्दी गाउँपालिका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को संशोधन सम्बन्धमा :**

१) मर्स्याङ्दी गाउँपालिका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को दफा ६ को (क) उपदफा सग सम्बन्धी अनुसूची २ निम्न अनुसार संशोधन गर्ने निर्णय गरियो ।

| क्र. स. | दफा | साबिकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| १ | दफा ६ को उपदफा (क), अनुसूची २ | कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०, को दफा दफा ६ को (क) उपदफा अनुसूची २ संलग्न गर्नुपर्ने कागजातहरु:<br>१निवेदन<br>२.संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि<br>३.निजि फार्मको हकमा गत आ.व को संस्थाको लेखा परिक्षण भएको प्रतिलिपि<br>४.निजि फर्मको हकमा गत गत आ.व सम्म कर बुझाएको वा छुट भएको भए सम्बन्धित स्थानिय तहको प्रमाणपत्र<br>५.जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि<br>६.कार्ययोजना/प्रस्तावना<br>७. आयोजना सम्बन्धि अन्य कागजातहरु। | कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०, को दफा दफा ६ को (क) उपदफा अनुसूची २ संलग्न गर्नुपर्ने कागजातहरु:<br>१.निवेदन<br>२.निवेदकको नागरिकता प्रमाणत्रको प्रतिलिपि<br>३.कृषि फर्म/कृषक समुह/कृषि सहकारी दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि<br>४.कार्ययोजना/प्रस्तावना,कार्यक्रम दोहोरोपना नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा सहितको स्वघोपणापत्र, वडाको सिफारिस, लागत साझेदारीको प्रतिवद्धता पत्र<br>५. कार्यक्रम सञ्चालन हुने जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि<br>६.कार्ययोजना/प्रस्तावना | उत्पादन सग जोडिएका स-साना किसानहरुको हित अभिवृद्धि गर्ने । |

**निर्णय नं ७ मर्स्याङदी गाउँपालिका अपाङ्गता भएका व्यक्तिको परिचय पत्र विरतण सम्वन्धि कार्यविधि २०७५,संशोधन सम्वन्धमा :**

१) मर्स्याङ्दी गाउँपालिका अपाङ्गता भएका व्यक्तिको परिचय पत्र विरतण सम्वन्धि कार्यविधि २०७५ को दफा ६ को (१) उपदफा सग सम्वन्धी निम्न विषयहरु संशोधन गर्ने निर्णय गरियो ।

| क्र. स. | परिच्छेद | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण | |
|---|---|---|---|---|---|

गौतम पंज्ञानी
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| १ | परिच्छेद ३, दफा ६ उपदफा १ | (क) गाउँपालिकाको उपाध्यक्ष -संयोजक<br><br>(ख) गाउँपालिकाको महिला सदस्य मध्येबाट गाउँपालिकाले तोकेको महिला सदस्य - सदस्य<br>(ग) गाउँकार्यपालिकाको अध्यक्षले तोकेको स्थानीय अस्पतालको चिकित्सक (स्थानीय तहमा चिकित्सक नहुँदा जिल्ला अस्पतालको चिकित्सक) -सदस्य<br>(घ) स्थानीय प्रहरी कार्यालयको प्रमुख -सदस्य<br>(ङ) अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरु मध्येबाट गाउँ पालिकाको अध्यक्षले मनोनित गरेको अपाङ्ग सञ्जालको अध्यक्षय -सदस्य<br>(च)गाउँपालिकाको महिला तथा बालवालिका शाखा प्रमुख | (क) गाउँपालिकाको उपाध्यक्ष -संयोजक<br>(ख) गाउँपालिकाको महिला सदस्य मध्येबाट गाउँपालिकाले तोकेको महिला सदस्य - सदस्य<br>(ग) गाउँकार्यपालिकाको अध्यक्षले तोकेको स्थानीय अस्पतालको चिकित्सक (स्थानीय तहमा चिकित्सक नहुँदा जिल्ला अस्पतालको चिकित्सक) - सदस्य<br>(घ) स्थानीय प्रहरी कार्यालयको प्रमुख -सदस्य<br>(ङ) गाउँ कार्यपालिकाको अध्यक्षले तोकेको स्थानीय स्वास्थ्य शाखा प्रमुख – सदस्य<br>(च) अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरु मध्येबाट गाउँ पालिकाको अध्यक्षले मनोनित गरेको अपाङ्ग सञ्जालको अध्यक्षय - सदस्य<br>(छ) गाउँपालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक मध्येबाट गाउँ पालिकाको अध्यक्षले तोकेको व्यक्ति<br>– सदस्य<br><br>(ज) गाउँपालिकाको महिला तथा वालबालिका शाखा प्रमुख -सदस्य सचिव | १.गाउँपालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक मध्येबाट गाउँ पालिकाको अध्यक्षले तोकेको व्यक्ति सदस्य<br>कार्यविधिमा समावेश गर्न छुटेको<br><br>२. गाउँ कार्यपालिकाको अध्यक्षले तोकेको स्थानीय स्वास्थ्य शाखा प्रमुख<br>सदस्य<br>काड वितरणमा थप सहजिकरण गर्न | |

नीलम पंज्ञानी
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७५

निर्णय नं.८ मर्स्यांङ्दी गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि २०७५ संशोधन सम्वन्धमा :

| क्र.स. | दफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| १ | दफा २ (२) | उपदफा(१) वमोजिम पर्न अएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ५ बमोजिम योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनियर/सव ईन्जिनियर सहित सदस्य भएको समितिबाट जाँच गराउनुपर्ने छ । | उपदफा(१) वमोजिम पर्न अएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ५ बमोजि योग्यता भए/नभएको सम्वन्धमा तपशिलको समितिबाट जाँच गराउनुपर्ने छ ।<br><br>सयोजक : प्रशासकीय अधिकृत,प्रशासन शाख प्रमुख,म.गा.पा.<br>सदस्य : ईन्जिनियर,प्रविधिक शाखा प्रमुख ,म.गा.पा.<br>सदस्य : लेखा शाखा प्रमुख,म.गा.पा. | समिति गठन सम्वन्धी व्यवस्था नभएकोले |

निर्णय नं. ९ : आर्थिक सहयोग सम्वन्धमा :

१) मर्स्यांङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.न.१ मा उल्लेखित विभिन्न धार्मिक, सांस्कृतिक,साहित्यिक, महोत्सव, दिवस सम्वन्धी विनियोजित वजेट खर्च शिर्षकबाट तपसिल बमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

- पालिका अन्तर्गतका वडा स्तरीय पुरुष तथा महिला फुटबल लगायतका कार्यक्रमहरु सञ्चालनको लागि युनाईटेड बिच युवा क्वल, मर्स्यांङ्दी -२ घनपोखरालाई रु. १,००,०००।- ( अक्षरुपी एक लाख)
- त्रिवेणी यूवा क्लव, वेसीशंहरलाई रु.५०,०००।- (अक्षरुपी पचास हजार)
- चौंथो ताघ्रिङ पर्यटन उत्सव तथा ल्होसार पर्व कार्यक्रम, मर्स्यांङ्दी -४ लाई रु.५०,०००।- (अक्षरुपी पचास हजार)
- तमु ह्युल छोज धी गुरुङ राष्ट्रिय परिषद, जिल्ला कार्य समिति, लमजुङलाई रु.५०,०००।- (अक्षरुपी पचास हजार)

२) मर्स्यांङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.न. २ मा उल्लेखित अशक्त, असहाय, विपन्न सहायता कोष सम्वन्धी विनियोजित वजेट खर्च शिर्षकबाट तपशिल बमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।-

- भरत वि.क. मर्स्यांङ्दी -९ रु. रु. २५,०००।- (अक्षरुपी पच्चिस हजार)
  (गर्भवति श्रीमतिको उपचारको क्रममा निधन भएको र उपचारमा धेरै खर्च भएकोले आर्थिक सहयोग)

गौतम मज्ञानी
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

३). मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५.२९) अन्तर्गतको सि.न. ५ मा उल्लेखित विपद व्यवस्थापन कोष सम्वन्धी विनियोजित वजेट खर्च शिर्षकवाट तपशिल बमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो

- किरण तामाङ, मर्स्याङ्दी -८, रु. ३५,०००।- (अक्षरुपी पैंतिस हजार)
  (घर आगलागि भई पूर्ण रुपमा नष्ट भएकोले आर्थिक सहयोग)

४)मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको चालु खर्च अन्तर्गतको सि.न.२६माउल्लेखित विविध खर्च सम्वन्धी विनियोजित वजेट खर्च शिर्षकवाट तपशिल वमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

- .मर्स्याङ्दी ग्रुपको पहिलो भेला लाई रु. ३०,९५०।- (अक्षरुपी तिस हजार नौ सय पचास मात्र)

गौतम पंज्ञानी
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष